भ्रष्टाचार, बेथिति र कुशासनको अन्त्य गरी लोकतान्त्रिक नागरिक राज्य स्थापनाको अभियान

# नेपालका लागि नेपाली

राष्ट्रिय कार्यसमिति, काठमाडौं, नेपाल ।

श्री प्रधानमन्त्रीज्यू ।
नेपाल सरकार ।

**विषयः ज्ञापनपत्र ।**

महोदय,

नेपाल बुद्ध भूमिको रुपमा एक शान्तिप्रिय मुलुक हो । हामी नेपालीहरु स्वाभिमानी र शान्तिप्रिय हुनुका साथै विभिन्न जात, जाति धर्म र संस्कृतिका बिचमा भातृत्व एंब सहिष्णुतामा आधारित सम्बन्ध कायम गरी सदियौं देखि गौरबशाली इतिहास र राष्ट्रिय एकता भएका उदाहरणीय नागरिकहरु हौं । आज हाम्रा यी बिरासत धरापमा परिरहेका छन् ।

नेपालमा दुई हजार सात साल देखि अहिले सम्म पटक पटक भएका राजनीतिक आन्दोलन र शासकीय परिवर्तनहरुको उपलब्धि स्वरुप सार्वभौमिक अधिकारको रुपमा आम नेपाली नागरिकहरुले राज्यबाट पाउनु पर्ने सेवा र सुविधा सरल र सहज रुपमा प्राप्त गर्न सक्नु पर्दथ्यो । तर मुलुक यतिबेला भ्रष्टचार, बेथिति, लुटतन्त्र, र नागरिक विरोधी क्रियाकलापहरुको दर्दनाक परिस्थितिबाट आक्रान्त छ । तीस वर्ष लामो पञ्चायती शासन र झन्डै समान अवधि व्यतीत गरिसकेको नाम मात्रको प्रजातन्त्र वा लोकतन्त्र भनिएको व्यवस्था भित्र कुशासन, हिँसा, प्रतिहिँसा, दण्डहीनता, अराजकता, मनपरीतन्त्र, नातावाद, कृपावाद र आमन्त्रित वैदेशिक हस्तक्षेपलाई वैधता र प्रोत्साहन गरिनाले राष्ट्रको जीवनमै यतिबेला गम्भीर संकटग्रस्त स्थिति आइपरेको छ । राजनीतिलाई अपराध, व्यापार र भ्रष्टाचारको इजाजतप्राप्त पेशा बनाइनाले राज्यलाई लुट्ने र कमाउधन्दामा लाग्नेहरूको सञ्जाल वा माफियाको हातमा मुलुक पुगेको कष्टकर स्थितिमा हामी छौं । यसो भनिरहँदा हामीले दर्दनाक पीडा महसुस गरिरहेका छौं । तर अब पीडित भएर वा गुनासो गरेर वा आक्रोश मात्र व्यक्त गरेर यी समस्याहरू कदापि समाधान हुन सक्दैनन् । प्रधानमन्त्रीको पदमा आसीन तपाइँ स्वयंले मुलुक संकटमा छ भनेर सार्वजनिक रुपमा अभिव्यक्त गर्नुले स्थिति झनै डरलाग्दो बनेको छ । बलात्कारी, भ्रष्टचारी र राजनैतिक संरक्षणमा गुन्डागर्दी गर्नेहरूलाई सरकारले कानूनको दायरामा ल्याई कारवाही गर्न समेत चाहेको देखिएको छैन । वर्तमान सरकार विरोधका स्वरहरुलाई क्रमशः दमन गर्ने, सरकारको निर्णयहरु अपारदर्शी ढंगले लुकाइछिपाइ राख्ने, अदालत परिसरबाटै नागरिकलाई धरपकड गर्ने, आम नागरिकले आफ्नो आवाज मुखरित गर्ने माध्यमको रुपमा रहेका सार्वजनिक सभास्थलहरुलाई निषेधित तुल्याउने लगायतका असहिष्णु निर्णयहरु गरी एकपछि अर्को गर्दै निर्लज्ज रूपमा नागरिकका हक अधिकारहरु अपहरण गरिरहेको छ । समग्रमा देश राजनीतिक दृष्टिकोणबाट दिशाहीन भूमरीतर्फ अग्रसर भइरहेको छ ।

हामी आज आफ्नै भूमिमा असुरक्षित महसुस गर्न बाध्य भएका छौं । किनकि, वर्तमान राज्यसत्ताबाट न्याय पाइन्छ भन्नेमा अब नागरिकमा विश्वासिलो आधार नै बाँकी रहेको छैन । कृष्णप्रसाद अधिकारीको हत्यारालाई कारवाही माग गरेर सत्याग्रहमा रहँदा रहँदै निजका पिता नन्दलाल अधिकारीले देहत्याग गर्नुपरेको स्थिति, निज नन्दलाल अधिकारीको शव त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको शवगृहमा यद्यपि बेवारिसे अवस्थामा

रहनुपरेको घटना, स्कूले बालिका निर्मला पन्तको बलात्कार पश्चात् पाशविक ढंगले गरिएको हत्या, निर्मला पन्तको हत्यारालाई चार महिना लामो समयसम्म पनि राज्यले नै अप्रत्यक्ष रुपमा दिइरहेको संरक्षण पश्चात् निज बालिकाको मातापिताले सत्याग्रह सुरु गर्नुपरेको प्रतिनिधिमूलक घटनाले गर्दा नेपालमा राज्यको संरक्षणमा मानवअधिकारको चरम उल्लंघनको आजको अवस्था माओवादीको दश वर्षे द्वन्द्वकालको स्थितिभन्दा पनि भयावह अवस्थामा पुगेको पुष्टी भइरहेको छ ।

मेडिकल शिक्षा क्षेत्रलाई आमूल परिवर्तन गर्न माग गर्दै पन्ध्र पटकसम्म अनशन बसिसकेका डा. गोविन्द के.सी.सँग राज्यले पटकपटक गरेको बेइमानी, सुनकाण्डदेखि नेपाल वायु सेवा निगमको वाइडबडी विमान लिज सम्झौता गरी भाडामा ल्याएर खरीद नै गरेको भनी अर्बौं रुपैंया भ्रष्टाचार हुँदासम्मको घटनाबाट राज्यका सबै निकाय र संस्थाहरु भ्रष्टाचारमा लिप्त भई विश्रृङ्खल स्थितिमा पुगिसकेको तथ्य स्थापित भइसकेको छ । तर, यस्तो जटिल परिस्थितिमा पनि नेपाली नागरिक हुनुको नाताले हामीलाई निराशाको शिकार हुने छुट छैन । यो मुलुकको सामाजिक आर्थिक रुपान्तरण हल्काफुल्का कुरा र बनावटी भाषणबाट हुन सक्दैन भन्ने कुरा सात सालदेखि हालसम्मका सरकारहरुबाट भएको कामकारवाहीबाटै पुष्टी भइसकेको छ । त्यसैले अब भ्रष्टाचार र भ्रष्टचारीका विरुद्धमा अटल र दृढनिश्चियका साथ उभिई तिनलाई कानूनी कारवाही एवं सामाजिक राजनीतिक वहिष्करण नगर्ने हो भने देशको राजनीतिक प्रणाली र व्यवस्थाको कदापि शुद्धीकरण हुन सक्दैन । देशमा लोकतन्त्र, संविधान, न्याय र कानूनको शासनलाई भ्रष्टाचारी दुराचारी पापात्माहरुले काँचै चपाउने अवस्था उत्पन्न भइसकेको छ । यस्तो अवस्थामा हामी मातृभूमि नेपाल लगायत विश्वको जुनसुकै ठाउँमा रहेका हरेक तह र तप्काका नेपाली नागरिकहरु एकजुट र सङ्गठित भई भ्रष्टाचार, संविधानमा व्याप्त असंगति, राष्ट्रियता माथि उत्पन्न संकट, संस्थागत संरचनाहरुमाथि भइरहेको प्रहार एवं नागरिकको दैनिक जीवनमा देखिएको बेथिति विरुद्ध देशव्यापी अभियानलाई उत्कर्षमा पुऱ्याउनुको विकल्प छैन । त्यसैले अहिले दलगत निहित स्वार्थभन्दा माथि उठी नेपालका लागि नेपाली भएर एकपटक सोच्नैपर्ने बेला आएको छ । समग्र राष्ट्र नै खतरामा परेको यस अवस्थामा मुलुक बचाउने परम कर्तव्य हामी नेपाली सार्वभौमसत्ता सम्पन्न नागरिकहरुकै हो ।

श्री प्रधानमन्त्रीज्यू,

हामी नेपाली नागरिकहरुले बहुदलीय व्यवस्था पुर्नस्थापना पछि झन्डै तीस बर्षसम्म निस्वार्थ रुपमा र निष्ठापूर्वक तपाइँ राजनीतिक दलहरुलाई सत्तामा पुर्यायौं तर नागरिकहरुको राज्यप्रतिको वैधानिक अपेक्षालाई पूरा गर्नेतर्फ अग्रसर हुनुको सट्टा यहाँहरु राजनीतिलाई सत्तामा पुग्ने खेल बनाउनमा मात्र सीमित हुनुभयो । अब मुलुकको हितका लागि हामी नेपाली नागरिकले विवेकसम्मत् तर कठोर निर्णय लिने बेला आएको छ । त्यसैले यस नेपालका लागि नेपाली अभियानले देशभरिबाट संकलन गरेको तपसिल बमोजिमका नेपाली नागरिकहरुका एक सय एकाउन्न सुत्रीय मागहरु तत्कालै पूरा गरियोस् भनी यहाँमार्फत् नेपाल सरकार समक्ष पेश गरेका छौं । **अनुसूची १ मा उल्लेखित हाम्रा १५१ बुंदे बिस्तृत मागहरु** पुरा नभएमा वा तत्काल पूरा नगरिएको खण्डमा माग पूरा गराउनका निमित्त शान्तिपूर्ण नागरिक आन्दोलनमा जान आम नेपाली नागरिकलाई आह्वान गर्न यस अभियान बाध्य हुने जानकारी गराउँछौं ।

संक्षेपमा हाम्रा मागहरु निम्न बमोजिम भएको व्यहोरा अनुरोध गर्दछौं:

(१) **भ्रष्टाचार अन्त्य गर्न नागरिक आयोग गठनका सम्बन्धमा:** पञ्चायत कालदेखि गणतान्त्रिक व्यवस्थासम्मका सबै सार्वजनिक र उच्च ओहोदामा बसेका राजनीतिक एवं प्रशासनिक व्यक्तिहरुको सम्पतिको यथार्थ र निष्पक्ष रुपमा छानबिन गरी सो को यथार्थ विवरण सार्बजनिक गरी दोषीलाई कानून बमोजिम सजाय गरी गैर कानूनी रुपमा आर्जित एवं श्रोत नखुलेको सम्पत्ति जफत गरी सो सम्पत्तिबाट एक विपन्न सहायता कोष खडा गरी विपन्न परिवारको निशुःल्क स्वास्थ्य, शिक्षा, व्यवसायिक सिप एवं रोजगारीको निमित्त खर्च गर्ने पारदर्शी व्यवस्था गरियोस् । अन्यथा, नेपालका लागि नेपाली अभियान नै नागरिक समाजका निष्पक्ष र निष्कलंकित व्यक्तित्वहरु सम्मिलित एक शक्तिशाली नागरिक आयोग बनाउन बाध्य हुने व्यहोरा जानकारी गराउन चाहान्छौं ।

(२) **संविधान सुधार, संशोधन र पुर्नलेखनका सम्बन्धमा:** (क) प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र लाक्षणिक राष्ट्रप्रमुख रहने गरी संवैधानिक व्यवस्थामा परिमार्जन गरियोस् । कार्यपालिका र व्यबस्थापिकाका बिचमा शक्तिपृथकीकरण र शक्ति सन्तुलनलाई संस्थागत गर्न संसद सदस्यहरु मन्त्रीमंडलमा जान पाउने प्रणाली खारेज गरियोस । आर्थिक रुपमा बोझिलो, कानूनी र प्रशासनिक रुपमा अन्तर्द्वन्द्व सिर्जना गर्ने गरी तीनै तहमा विधायिकी अधिकार दिइएको वर्तमान संघीयताको ढाँचामा आमूल परिवर्तन गरी विकेन्द्रित स्थानीय स्वायत शासन लागू गरियोस् ।

(ख) सबै तहको निर्वाचन प्रणालीलाई मितव्ययी, स्वच्छ र पारदर्शी तुल्याई भड्किलो खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वचालित विद्युतीय पद्धतिमा आधारित निर्वाचन प्रणाली अवलम्बन गर्न आवश्यक ऐन कानून तर्जुमा गरियोस् । विद्युतीय प्रणालीबाट मतदान गर्ने व्यवस्था गर्नको निमित्त मतदाताहरुको औंठाछाप सहितको तथ्यांक र मातदाता नामावली संकलन गर्ने व्यवस्था गरियोस् । मतदाताहरुलाई विद्युतीय मतदान (E-Voting) गर्न पाउने व्यवस्था गर्नको निमित्त सम्पूर्ण मतदाताहरुको तथ्यांक सहितको विद्युतीय अभिलेख डाटाबेस तयार गरी मतदानको लागि एक छुट्टै वेभ पोर्टलको व्यवस्था गरियोस् ।

(३) **न्यायपालिकाको आमूल सुधारका सम्बन्धमा:** स्वतन्त्र न्यायपालिकाको गरिमालाई अक्षुण्ण राख्न राजनीतिक आस्थाको आधारमा न्यायपालिकामा भएको सम्पूर्ण नियुक्तिहरु खारेजी र न्यायपालिकामा रहेका अयोग्य व्यक्तिहरुलाई तत्कालै हटाई योग्य र सक्षम व्यक्तिहरु नियुक्त गरियोस् । न्यायाधीशको पदमा रहेका सम्पूर्ण व्यक्तिहरुको शैक्षिक योग्यता र सम्पत्तिको छानबिन गर्न नागरिक आयोग गठन गरियोस् ।

(४) **राष्ट्रियताका सम्बन्धमा:** हिमाल, पहाड, तराई एवं सबै जातजातिलाई एकताको एउटै सुत्रमा बाँध्न सक्ने नेपाली राष्ट्रिय एकताको एकमात्र आधार भनेको हिन्दू, बौद्ध, किराँत लगायतका यस भूमिका मौलिक सनातन धर्म संस्कृतिहरु भएको हुनाले हिन्दू, बौद्ध, किराँत लगायतका सनातन धर्म संस्कृतिलाई नेपालीको पहिचानको मुख्य आधारको रुपमा सम्वर्द्धन, संरक्षण र प्रचारप्रसार गर्न राष्ट्रिय जागरण अभियान सञ्चालन गरियोस् । मुलुकको विरासतका रुपमा रहेका मौलिक धर्म र संस्कृतिलाई कम्जोर बनाउने र लोप गराई नेपाली राष्ट्रियतालाई धराशायी बनाउनकालागि आर्थिक प्रलोभनका आधारमा धर्म परिवर्तन गराइ ईशाइकरण गर्ने कार्यलाई कानून बमोजिम कडा कारवाही गरियोस् ।

(५) **शिक्षा र स्वास्थ्यका सम्बन्धमाः** सामाजिक अर्थतन्त्रको दुई महत्वपूर्ण क्षेत्रहरु शिक्षा र स्वास्थ्यमा राज्यले मूल लगानी गरी सम्पूर्ण नागरिकको निमित्त शिक्षा र स्वास्थ्य निशुल्क र गुणात्मक बनाइयोस् । स्वास्थ्य र शिक्षामा व्यापारीकरण पूर्ण रुपले अन्त्य गरियोस् । डा. गोविन्द के.सी. सँग राज्यले हालसम्म गरेको सबै सम्झौताहरु तत्काले निशर्तः कार्यान्वयन गरियोस् ।

(६) **अर्थतन्त्र, रोजगारी, पर्यटन, वित्तीय क्षेत्र, व्यापार र राजस्वका सम्बन्धमाः** नेपालमा मौलाएको कुलीन उच्च घरानिँया पुँजीवाद (Crony Capitalism), रातो फित्तावाद (Red Tapism) र दल नियन्त्रित अर्थतन्त्र (Party Controlled Economy) लाई अन्त्य गरी नागरिकको पहुँच र बिश्वाश भएको बजार सहितको राष्ट्रिय उदार अर्थतन्त्र (National Liberal Economy) को विकास गर्ने नीति तथा कार्यक्रम अवलम्बन गरियोस् । नेपालको अर्थतन्त्रलाई विश्वबजारसँग अन्तर्सम्बन्धित तुल्याई अन्तर्राष्ट्रियकरण गरी दुई ठूला छिमेकी मुलुक भारत र चीनको विशाल अर्थतन्त्रबाट प्रत्यक्ष लाभ लिन सक्ने गरी स्वाधीन अर्थव्यवस्था स्थापना गरियोस् ।

(७) **अन्तर्राष्ट्रिय सम्बन्ध बारेमाः** नेपालले हालसम्म गरेका सम्पूर्ण असमान सन्धि सम्झौता खारेज गरियोस् । नेपालको कुनै पनि देशसँगको अन्तर्राष्ट्रिय सम्बन्ध अन्तर्राष्ट्रिय कानूनको मान्य सिद्दान्तको आधारमा अघि बढाइयोस् ।

(८) **बेथितिको अन्त्य गरी असल शासनको वहाली गर्ने सम्बन्धमाः** (क) निर्मला पन्त लगायत देश भरमा भएका हत्या, हिंसा, बलात्कारका घटनाका अपराधीलाई कानूनबमोजिम कडा सजाय दिई कानूनको शासन स्थापित गरियोस् । (ख) राजनितिक स्वार्थका लागि सत्र हजार निर्दोष नेपालीलाई मार्ने, अपहरण गर्ने, धम्की दिने, धन सम्पत्तिको क्षति गर्ने र मानव अधिकारको गम्भीर हनन् गर्नेलाई तत्काले कानून बमोजिम कारवाही गरीयोस् । त्यस्ता व्यक्तिलाई उन्मुक्ति दिने उद्धेश्यले गठित सत्य निरुपण तथा मेलमिलाप आयोगले हालसम्म संकलन गरेका प्रमाण संरक्षण गरी उक्त आयोग विघटन गरियोस् । संकलित प्रमाण एवं थप अन्य आवश्यक प्रमाणको आधारमा युद्धकालका अपराधीहरुलाई कारवाही र सजाय गर्ने अधिकार सम्पन्न शक्तिसाली सत्य निरुपण छानबिन आयोग तत्कालै गठन गरियोस् । (ग) सुन काण्डको छानबिन प्रतिवेदन सार्वजनिक गरियोस् । सुन तस्करीमा संलग्न मुख्य दोषी तथा तस्करी गरी भित्र्याइएको सुन लुकाइएको स्थल, तस्करलाई राजनीतिक संरक्षण दिने गिरोहको यथार्थ सार्वजनिक गरी कानून बमोजिम कारवाही गरियोस् । (घ) पुष्पकमल दाहाल "प्रचण्ड" लगायत राजनैतिक नेतृत्व वर्ग सँग संलग्न भएको भनी सार्वजनिक भएका व्यापारीहरु र राजनैतिक नेतृत्व वर्ग बीचको आर्थिक संलग्नताको छानबिन गरी अवैध रुपमा व्यवस्थापन गरिएको सम्पूर्ण रकम जफत गरियोस् । कथित द्वन्दको बेलामा बैंकबाट लुटिएको सम्पत्ति, कब्जा गरी लुटिएको व्यक्तिहरुको निजी सम्पत्तिको विवरण सार्वजनिक गरी उक्त लुटिएको सम्पूर्ण सम्पत्ति फिर्ता गराइयोस् ।

अन्त्यमा, नेपालका लागि नेपालीले आफूले राखेको माग पूरा गर्ने गरी नागरिकबाट अभिभारा पाएको खण्डमा यी मागहरु पूरा गर्ने बिश्वास दिलाउन चाहन्छ र पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ ।

भ्रष्टाचार, बेथिति र कुशासनको अन्त्य गरी लोकतान्त्रिक नागरिक राज्य स्थापनाको अभियान

# नेपालका लागि नेपाली

राष्ट्रिय कार्यसमिति, काठमाडौं, नेपाल ।

नेपाल बायुसेवा निगमले हालै भाडामा ल्याएका २ वटा एयरबस A330 वाइडबडी जहाजलाई खरीद नै गरेको भनी अस्वभाविक मूल्यमा लिजको रकम भुक्तानी गरी ठूलो रकम भ्रष्टाचार गरेको हुनाले ७ दिन भित्र नागरिक आयोग गठन गरी उक्त भ्रष्टाचारको कार्यमा संलग्न दोषीहरु पत्ता लगाई कानूनी कारवाही गरी भ्रष्टाचार गरिएको रकम असुल उपर गरियोस् । अन्यथा, नेपालका लागि नेपाली अभियान नै नागरिक आयोग बनाउन बाध्य हुने व्यहोरा जानकारी गराउन चाहान्छौं ।

नेपालका लागि नेपाली अभियानका तर्फबाट हस्ताक्षर गर्ने प्रतिनिधि अभियान्ताहरु :

| | | |
|---|---|---|
| १. | | |
| २ | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |
| ११. | | |
| १२. | | |
| १३. | | |
| १४. | | |
| १५. | | |
| १६. | | |
| १७. | | |
| १८. | | |
| १९. | | |
| २०. | | |
| २१. | | |

www.nepalkalaginepali.org facebook.com/Nepalkalaginepali/ nepalkalaginepali@gmail.com
98511-03836, 98510-34915, 98413-74575, 98510-32951, 98412-67030